# यशोधरा गाउँपालिका, बैदौली कपिलवस्तुको

# बजेट बक्तव्य, २०८०।०८१

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**मिति : २०८० साल असार ३१ गते आइतवार**

सभा अध्यक्ष ज्यू, पूर्व प्रदेश माननिय सामाजिक विकास तथा शिक्षा मन्त्रि ज्यू, सभा सचिव ज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, सल्लाहकार ज्यू, राजनितिक दलका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सुरक्षाकर्मी, समाजसेवी, संचारकर्मी एवं यशोधरा गाउँपालिका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु :

१. नेपालको संविधान, २०७२ को धारा २३० बमोजिम यशोधरा गाउँपालिका, कपिलवस्तुको उपाध्यक्षको आदेशानुसार वडा नं २ को वडा अध्यक्षको हैसियतले सम्मानित गाउँसभामा आगामी आर्थिक बर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटले यशोधरा गाउँपालिकाको विकास निर्माणलाई अगाडि बढाउने तथा गाउँपालिकाको अर्थव्यवस्थालाई गतिशील तुल्याउँदै गाउँपालिकाको दिर्घकालीन सोच **सुखि यशोधरा, समृद्धि यशोधरा, प्रविधि तर्फ अग्रसर यशोधरा** लाई सार्थक तुल्याउने अपेक्षा गरेको छु ।
२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायतका विभिन्न आन्दोलनमा आफ्नो प्राणको आहूति दिनुहुने ज्ञान अज्ञात अमर सहिदहरुप्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान तथा परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।
३. आगामी आर्थिक बर्ष ०८०।०८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक राज्य प्रणाली, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, यशोधरा गाउँपालिकाका कानुन, दिगो विकासका लक्ष्य र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेको छु ।
४. आगामी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासको आवश्यकता तथा नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु । साथै कोभिड-१९ को महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुनः गतिशील र चलायमान बनाउन अनुत्पादक लगानी र अनावश्यक खर्चलाई कटौती गरेको छु । यो बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।
५. बजेट निर्माणका क्रममा बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, विषयगत समिति तथा सरोकारवालाहरुसँग परामर्श तथा टोल बस्तीका योजना संकलन गरी गाउँपालिकाको सीमित स्रोत साधनका बाबजुद जनताका असीमित अपेक्षाहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छु ।
६. संघीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम, विशेष अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

अब, म चालु आर्थिक बर्ष २०७९।०८० को संक्षिप्त वित्तीय प्रगति विवरण प्रस्तुत गर्दछु ।

७. चालु आर्थिक बर्षको बार्षिक बजेट शंसोधित अनुमान रु ७२ करोड ५५ लाख ८२ हजार ९ सय रहेकोमा जम्मा आय तर्फ रु. ६२ करोड ९२ लाख ६० हजार १७ रुपैया गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।
८. चालु खर्च तर्फ रु. ४४ करोड ८४ लाख ४३ हजार ९ सय २ रुपैया व्यय अनुमान गरिएकोमा असार २४ गते सम्म ३२ करोड ४ लाख ७६ हजार २ सय ३ रुपैया खर्च भएको छ । कुल विनियोजित बजेटको ७१ प्रतिशत रहेको छ ।

९. पूँजीगत खर्च तर्फ रु. २७ करोड ७१ लाख ३९ हजार व्यय अनुमान गरिएकोमा असार २४ गते सम्म १३ करोड ४४ लाख १६ हजार खर्च भएको छ । जुन कुल विनियोजित बजेटको ४८ दशमलव ५ प्रतिशत रहेको छ ।

१०. चालु आर्थिक बर्ष मा जम्मा विनियोजित बार्षिक बजेट रु रु ७२ करोड ५५ लाख ८२ हजार ९ सय रहेकोमा असार २४ गते सम्म ४५ करोड ४८ लाख ९२ हजार खर्च भएको छ । जुन कुल बजेटको ६२ दशमलव ६९ प्रतिशत रहेको छ ।

**अध्यक्ष महोदय्**

अब, म आगामी आर्थिक बर्ष २०८०।०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

क. सामाजिक-आर्थिक र भौतिक पूर्वाधारहरुको विकास तथा निर्माणलाई तिव्रता दिने ।

ख. संघीय तथा प्रदेश सरकारहरुका विचमा सुमधुर सम्बन्ध कायम गरी समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने ।

ग. सुशासन, विकास र समृद्धि हासिल गर्न जोड दिँदै सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व कायम गरी सरकारी खर्चको उपादेयता बढाउने ।

घ. युवा, महिला तथा गरिब घरपरिवारलाइ उत्पादान मुलक रोजगारी सृजनामा वृद्धि गर्ने ।

ङ. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।

च. बाल सुरक्षा, जेष्ठ नागरिक, बिधवा, अपांग, दलित तथा आर्थिक रुपमा पछाडी परेका वर्गको वृद्धि विकास तथा संक्षरण गर्ने ।

छ. आन्तरिक राजश्व सुधारको लागि आवश्यक पहल गर्ने ।

ज. आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने आवश्यक कार्य गर्ने ।

झ. वेरोजगार गरिब युवा तथा महिलालाइ स्वरोजगारमा आत्म निर्भर बनाउन उद्यम विकास कार्यक्रम संचालन गर्ने ।

ञ. स्वास्थ्य पूर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण,

ट. खेलकुदका लागि आवश्यक व्यवस्थापन गर्ने ।

ठ. डिजिटल सेवामा समुदायको पहुच ।

ड. स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाई संघीयता कार्यान्वयन र सुदृढीकरण गर्ने ।

माथि उल्लिखित उदेश्य हासिल गर्न देहाय अनुसारका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु ।

क. गुणस्तरीय शिक्षा एवं सुविधा सम्पन्न विद्यालयमा जोड,

ख. स्वास्थ्य पूर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण,

ग. कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति,

घ. भौतिक पूर्वाधार विकासमा जोड,

ङ. डिजिटल सेवामा सामुदायको पहुच,

च. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि,

छ. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनिकरण

**अध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष ०८०।८१ को प्रस्तावित बजेट, कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

११. आगामी आर्थिक बर्षका लागि वडा नं १ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७१ लाख २६ हजार विनियोजन गरेको छु ।

१२. आगामी आर्थिक बर्षका लागि वडा नं २ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ८२ लाख ३ हजार विनियोजन गरेको छु ।

१३. आगामी आर्थिक बर्षका लागि वडा नं ३ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ८१ लाख ८१ हजार विनियोजन गरेको छु ।

१४. आगामी आर्थिक बर्षका लागि वडा नं ४ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७१ लाख ४३ हजार विनियोजन गरेको छु ।

१५. आगामी आर्थिक बर्षका लागि वडा नं ५ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ८१ लाख १८ हजार विनियोजन गरेको छु ।

१६. आगामी आर्थिक बर्षका लागि वडा नं ६ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७८ लाख १८ हजार विनियोजन गरेको छु ।

१७. आगामी आर्थिक बर्षका लागि वडा नं ७ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७९ लाख विनियोजन गरेको छु ।

१८. आगामी आर्थिक बर्षका लागि वडा नं ८ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७३ लाख २२ हजार विनियोजन गरेको छु ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागी रुपान्तरण पहल कार्यक्रम तथा लघु लद्यम विकास कार्यक्रम मार्फत रोजगारी सिर्जनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२०. संघिय सरकार शसर्त कार्यक्रमका लागि नेपाल सरकारबाट रु १९ करोड ९८ लाख रकम विनियोजन भएकोमा विनियोजन भएको कार्यक्रम/योजना अनुसार खर्च हुने व्यवस्था गरेको छु ।

२१. संघिय सरकार विशेष कार्यक्रमका लागि नेपाल सरकारबाट रु ७५ लाख रकम विनियोजन भएकोमा विनियोजन भएको कार्यक्रम/योजना अनुसार खर्च हुने व्यवस्था गरेको छु ।

२२. नेपाल सरकार संघिय समपुरक योजनाका लागि विनियोजित बजेट रु ५५ लाख रकम सो योजनामा खर्च हुने व्यवस्था गरेको छु ।

२३. प्रदेश सरकार, लुम्बिनी प्रदेशबाट शसर्त योजना/कार्यक्रमका लागि रु १ करोड १४ लाख ५० हजार रकम सो योजना/कार्यक्रमा खर्च हुने व्यवस्था गरेको छु ।

२४. प्रदेश सरकार, लुम्बिनी प्रदेशबाट कोल्ड स्टोर र यशोधरा गाउँपालिका रिङ्ग रोड निर्माणका लागि विनियोजित बजेट रु १ करोड सो योजनामा खर्च हुने व्यवस्था गरेको छु ।

२५. दुई वटा वडामा १/१ सामुदायिक विद्यालयहरुमा राष्ट्रियस्तरको रंगरोगन तथा स्लोगन रहने गरी रु ८ लाख रकम विनियोजन गरेको छु ।

२६. यशोधरा ५ मुडिला चौक हुदै अधुरो कालोपत्रे देखि मुडिला गाउँ सम्म रु १० लाख रकम विनियोजन गरेको छ ।

२७. ग्रिन विद्यालय तथा क्लिन विद्यालय अन्तरगत उत्कृष्ट कार्य गर्ने सामुदायिक/धार्मिक विद्यालयहरु मध्ये प्रथम, द्धितिय र तृतिय विद्यालयलाई प्रोत्साहन हुने गरी १ लाख ८० हजार रकम विनियोजन गरेको छ ।

२८. यशोधरा गाउँपालिका अन्तरगत संचालित श्री जनसेवा आधारभूत विद्यालय, अम्लोनहालाई स्मार्ट विद्यालयको लागि रु ८० लाख रकम विनियोजन गरेको छ ।

२९. यशोधरा गाउँपालिका अन्तरगत वडा नं १ तितिर्खामा खेल मैदान निर्माणका लागि रु २० लाख रकम विनियोजन गरेको छ ।

३०. पालिकास्तरीय परीक्षा व्यवस्थापनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

३१. गरिब तथा जेहेन्दार विद्यार्थीहरु प्राविधिक शिक्षाका लागि प्रोत्साहन उपलब्ध गराउन रु ५ लाख रकम विनियोजन गरेको छ ।

३२. यशोधरा गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापनका लागि रु ६० लाख रकम विनियोजन गरेको छ ।

३३. स्वास्थ्य शाखामा विभिन्न कार्यक्रम संचालन, ल्याब संचालन तथा बार्थिङ्ग सेन्टर संचालनका लागि रु ३० लाख रकम विनियोजन गरेको छ ।

३४. स्वास्थ्य शिवर संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

३५. जेष्ठ नागरिकको स्वास्थ्य सँग गाउँपालिका अध्यक्ष कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

३६. सुरक्षित गर्भपतन सेवाका लागि सुनौलो परिवार(मेरीस्टोप)लाइ सहयोग २ लाख रकम विनियोजन गरेको छ ।

३७. कृषि तथा पशु सेवा केन्द्र संचालन तथा व्यवस्थापनका लागि रु ६ लाख रकम विनियोजन गरेको छ ।

३८. One ward one product अन्तरगत तरकारी खेती कार्यक्रम संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

३९. One ward one product अन्तरगत माछा पालन कार्यक्रम संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

४०. One ward one product अन्तरगत मासु उत्पादन कार्यक्रम संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

४१. One ward one product अन्तरगत कुखुरा र अण्डा उत्पादन कार्यक्रम संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

४२. One ward one product अन्तरगत फलफुल उत्पादन कार्यक्रम संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

४३. One ward one product अन्तरगत दुध उत्पादन कार्यक्रम संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

४४. कृषि विकास शाखाको अन्य कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

४५. पशु विकास शाखाको अन्य कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

४६. वडा नं ५, ६ र ७ को लागत साझेदारीमा हुने गरी गौशाला संचालन तथा व्यवस्थापनका लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

४७. रोजगार सेवा केन्द्रको अन्य कार्यक्रम संचालनका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

४८. बहुक्षेत्रीय पोषण कार्यक्रमको पोषण स्वयंसेवकको तलब भत्ता तथा अन्य कार्यक्रम संचालनको लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

४९. उद्यम विकास सहजकर्ता २ जनाको अपुग तलब भत्ताको लागि रु ७ लाख रकम विनियोजन गरेको छु ।

५०. वस्ययक सहजकर्ता तथा बाल सहजकर्ताको तलब भत्ताको लागि रु २७ लाख ४३ हजार रकम विनियोजन गरेको छु ।

५१. बालमैत्री स्थानिय शासनको सुचकका आधारमा कार्यक्रम संचालनका लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

५२. खानेपानी विस्तार कार्यक्रम अन्तरगत एक घर एक धारा कार्यक्रम संचालनका लागि १५ लाख रकम विनियोजन गरेको छु ।

५३. गाउँपालिकाको सरसफाइ कार्यक्रम अन्तरगत टैक्टर तथा ट्रालि खरिदका लागि रु २० लाख रकम विनियोजन गरेको छु ।

५४. सवारी चालक १ जना तथा सरसफाइ कर्मी २ जना कर्मचारीको पारिश्रमिकका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

५५. गाउँपालिका अन्तरगत लोकसेवा तयारी कक्षा संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

५६. सरसफाइ कार्यक्रमका लागि सामाग्री खरिदका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

५७. जेष्ठनागरिक सम्मान तथा प्रोत्साहन कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

५८. महिला तथा बालबालिका सँग सम्बन्धित कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

५९. दलित अल्पसंख्यक जनजाती तथा मुस्लिम जातजाति सँग सम्बन्धित कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

६०. स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरताको लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

६१. स्थानीय स्तरमा परम्परागत जातीय सिप प्रवर्द्धन कार्यक्रम संचालनका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

६२. सीपका आधारमा युवा रोजगार कार्यक्रम संचालनका लागि १० लाख रकम विनियोजन गरेको छु ।

६३. अपांगता सम्बन्धि कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

६४. गाउँपालिका अध्यक्ष खेलकुद प्रतियोगता कप संचालनका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

६५. अति अशक्त व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण सहजिकरणका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

६६. आवश्यकता अनुसार सामाजिक विकास कार्यक्रम संचालनका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

६७. सम्पत्ति कर सम्बन्धि फारम छपाइ तथा अन्य कार्यक्रमका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

६८. सम्पत्ति सम्बन्धि तथ्यांक संकलन तथा प्रविष्टिका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

६९. राजश्व सम्बन्धि अन्य कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

७०. राजश्व सुधार कार्य योजना निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

७१. डिजिटल प्रोफाइल निर्माणका लागि बाकी रहेको भुक्तानीका लागि रु १० लाख रकम विनियोजन गरेको छ ।

७२. वित्तिय जोखिम र स्थानीय स्वयंमूल्यांकन कार्यक्रम संचालनका लागि रु ३ लाख रकम विनियोजन गरेको छ ।

७३. सूचना तथा संचार कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

७४. वित्तिय साक्षरता तथा उद्यमशिलता प्रवर्द्धन कार्यक्रमलाई निरन्तरतका लागि रु १५ लाख रकम विनियोजन गरेको छ ।

७५. भूउपयोग तथा क्षमता विकास कार्य योजना निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

७६. मध्यकालिन खर्च संरचना निर्माणका लागि ६ लाख रकम विनियोजन गरेको छ ।

७७. गाउँपालिका तथा अन्तरगत निकायमा फर्निचर तथा फर्निसिङ्गका लागि रु १२ लाख रकम विनियोजन गरेको छ ।

७८. डिजिटल साक्षरता सम्बन्धि कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

७९. टोल विकास संस्था गठन तथा परिचालनका लागि रु ३ लाख रकम विनियोजन गरेको छ ।

८०. आर्थिक सहायता वितरणका लागि रु १० लाख रकम विनियोजन गरेको छ ।

८१. औषधी उपचार खर्चका लागि रु १० लाख रकम विनियोजन गरेको छ ।

८२. विपद् राहत वितरणका लागि रु ८ लाख रकम विनियोजन गरेको छ ।

८३. विपद् व्यवस्थापन कोषका लागि ५ लाख रकम विनियोजन गरेको छ ।

८४. सार्वजनिक स्थलमा वृक्षरोपण कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छ ।

८५. गाउँपालिकाको कार्यालय प्राङ्गणमा रहेको पोखरी सुन्दरीकरणका लागि रु ३० लाख रकम विनियोजन गरेको छ ।

८६. यशोधरा गाउँपालिका भित्रका मठमन्दिर तथा मस्जिद संरक्षण तथा प्रवर्द्धनका लागि २० लाख रकम विनियोजन गरेको छ ।

८७. न्यायिक समिति सँग सम्बन्धित कार्यक्रम संचालनका लागि ३५ लाख रकम विनियोजन गरेको छ ।

८८. उपाध्यक्षबाट सम्बोधन हुने योजना तथा कार्यक्रमका लागि २५ लाख रकम विनियोजन गरेको छ ।

८९. सुशासन तथा विकासका लागि सूचना प्रवर्द्धन तथा जीविकोपार्जन परियोजनमा कार्यरत कर्मचारीको पारिश्रमिक तथा सो सँग सम्बन्धित कार्यक्रम संचालनका लागि रु २० लाख रकम विनियोजन गरेको छ ।

९०. कृषि तथा वित्तिय सहकारी प्रवर्द्धन कार्यक्रम संचालनका लागि रु ३ लाख रकम विनियोजन गरेको छ ।

९१. गाउँपालिकाको कार्यालयको अधुरो प्रशासनिक भवन निर्माण तथा अनिरुद्ध पब्लिक माध्यमिक विद्यालयको अधुरो भवन निर्माणमा रु २ करोड ७ लाख रकम विनियोजन गरेको छ ।

९२. गत आर्थिक बर्षमा निर्माण भएका सामुदायिक विद्यालयको अधुरो भवन निर्माणका लागि रु ३० लाख रकम विनियोजन गरेको छु ।

९३. वडा नं ८ को अधुरो वडा कार्यालय भवन निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

९४. गाउँपालिकाको सभा हाल व्यवस्थापनका लागि रु २५ लाख रकम विनियोजन गरेको छु ।

९५. ऐम्बुलेन्स सेवा संचालनका लागि अनुदान रु ७ लाख रकम विनियोजन गरेको छु ।

९६. बजार व्यवस्थापनका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

९७. वडा नं १ को साझेदारीमा ऐम्बुलेन्स खरिदका लागि रु ११ लाख रकम विनियोजन गरेको छु ।

९८. संघिय, प्रदेश तथा वडाको लागत साझेदारीमा संचालन हुने योजनाको लागि रु २ करोड रकम विनियोजन गरेको छु ।

९९. अन्य संस्था अनुदान कार्यक्रमका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

१००. मर्यादपुर चौक देखि सुठौली भन्सार सम्म र सुठौली भन्सार देखि यशोधरा आधारभूत अस्पताल सम्म Street light जडानका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

१०१. हियुमपाइप खरिदका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

१०२. ट्रान्सफर्मर खरिदका लागि रु १५ लाख रकम विनयोजन गरेको छु ।

१०३. जनरेटर खरिदको लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

१०४. हैण्ड पाइप खरिदको लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

१०५. सामुदायकि तथा धार्मिक विद्यालयहरुको भौतिक संरचना मर्मत तथा निर्माणका लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

१०६. गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु, संघिय तथा पालिकाको लागत साझेदारीमा कार्यरत कर्मचारी तथा अन्तरगत निकायकाका लागि तलब, सामुदायिक तथा धार्मिक विद्यालयमा कार्यरत(प्रा.वि., नि.मा.वि, मा.वि. कम्प्युटर शिक्षक, बालविकास सहजकर्ता, विद्यालय परिचर तथा विद्यालय कर्मचारीहरुको) तलब र प्रशासनिक तथा कार्यालय संचालन खर्च साथै योजनाहरुको DPR र कार्यालय संचालन पुजीगत तर्फका कार्यक्रमका लागि ११ करोड रकम विनियोजन गरेको छु ।

१०७. गाउँपालिकास्तरीय बाटो मर्मतका लागि रु २५ लाख रकम विनियोजन गरेको छु ।

१०८. गाउँपालिकाको कार्यालयको उत्तर देखि बुढापार जानेबाटो सम्म सडक स्तरउन्नतीका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

१०९. विश्वनाथ पासीको घर देखि गाउँको दक्षिण पलिहर सम्म माटोपटान तथा ग्रेभल वडा नं ३ लोहरौलीमा रु ३ लाख रकमा विनियोजन गरेको छु ।

११०. संघिय विशेष अनुदान लगायतका केही अनुदानहरु माघ महिना पछि मात्र निकासा हुने र अन्तिम चौमासिकमा आएर खर्च नहुने परिपाटी अन्तका लागि कार्यक्रम संचालन कोषमा रु २५ लाख रकम विनियोजन गरेको छु । यसबाट समयमै कार्यक्रम संचालन गरी सोधभर्ना गर्न सकिने छ जसबाट त्यस्ता कार्यक्रमहरुको प्रगति सतप्रतिशत हुने विश्वास लिएको छु ।

१११. परसोहिया गाउँको पूर्व काली माइ थान देखि दक्षिण तर्फ सम्म सडक पि सि सि ढला वडा नं ४ मा रु ५ लाख रकम विनियोजन गरेको छु ।

११२. वडा नं ६ रतनपुर देखि पुर्निहवा जानेबाटोमा क्लभर्ट निर्माणका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

११३. इटवा गाउँको दक्षिण पि सि सि ढलान देखि सेमरि गाउँ सम्म सडक निर्माणका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

११४. रामलखन मुराउको घर देखि रामअधारे कुर्मीको घर हुदैं त्रिभुवन कुर्मीको घर सम्म वडा नं ५ नाली तथा पि सि सि ढलानका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

११५. गाउँपालिका अध्यक्षबाट सम्बोधन हुने चालु तर्फ कार्यक्रमहरुको लागि रु ६० लाख रकम विनियोजन गरेको छु ।

११६. गाउँपालिका अध्यक्षबाट सम्बोधन हुने पुँजीगत तर्फ योजनाहरुको लागि ७० लाख रकम विनियोजन गरेको छु ।

११७. बुद्ध दर्पण राष्ट्रिय दैनिकपत्रिका संचार गृह निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

११८. बैदौली गाउँको उत्तर कबरिस्तान संरक्षण यशोधरा ५ बैदौलीका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

११९. आगामी आर्थिक बर्ष २०८०।०८१ को आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० यस गरिमा मय सभामा पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म बजेटमा उल्लिखित क्षेत्रगत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१२०. माथि उल्लिखित बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न ५८ करोड ८ लाख ८४ हजार खर्च हुने अनुमान गरेको छु ।

१२१. आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु ११ करोड ९७ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ रु ९ करोड ९६ लाख ८८ हजार, लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु ८७ लाख ४७ हजार, राजश्व बाँडफाँड सवारी साधन कर तर्फ ५१ लाख ६२ हजार ९ सय ४४ रुपैया, संघीय सरकार ससर्त अनुदान तर्फ १९ करोड ९८ लाख, लुम्बिनी प्रदेश सरकारबाट ससर्त अनुदान १ करोड १४ लाख ५० हजार, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान ७५ लाख, संघिय सरकार समपुरक अनुदानबाट ५५ लाख, लुम्बिनी प्रदेश सरकारबाट १ करोड, आन्तरिक राजश्वबाट रु २ करोड ३ लाख ३६ हजार ५६ रुपैया र चालु आ.ब. को अल्या रकम रु ९ करोड मध्ये २ करोड १८ लाख ९५ हजार प्रदेश तथा संघिय सरकारमा फिर्ता गरिने छ । यसै गरी कुल प्रस्तावित आय ५८ करोड ८ लाख ८४ हजार रकम व्यहोर्ने छ ।

अध्यक्ष महोदय् तथा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,

बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने पूर्व कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रि ज्यू, माननीय संघीय सांसदज्यूहरु, प्रदेश सभा सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवंम प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज, सुरक्षाकर्मी, संचारकर्मी तथा यशोधराबासी सम्पूर्ण जनहरुबाट प्राप्त

सुझाव सहयोग र सल्लाहप्रति हार्दिक आधार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा संघीय इकाइहरुका सबै निकाय र सरोकारवालाहरुको पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु । धन्यवाद ।

२०८० असार ३१ गते आइतवार

()

**धन्यवाद**